विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७९/०९/२६ मा बसेको बैठकको एजेन्डा र निर्णयहरूः-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | नगर सभाको एघारौं अधिवेशन सम्बन्धमा। | (क) आगामी २०७९ पुस २७ मा हुने नगर सभाको एघारौं अधिवेशनको बैठकमा आ.व.२०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रममा अनुसूची-१ मा संलग्न बमोजिमको बजेट, कार्यक्रम तथा आय संशोधन एवम् विभिन्न वडा र विषयगत महाशाखाहरूबाट प्राप्त बमोजिमको बजेट तथा कार्यक्रम संशोधन तथा रकमान्तरका लागि पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(ख) विराटनगर महानगरपालिका, राजस्व परामर्श समितिबाट सिफारिस भइआएको आर्थिक ऐन, २०७९ को संशोधन प्रस्ताव स्वीकृत गरी आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(ग) नगर कार्यपालिकाको मिति २०७९/०९/१९ मा बसेको बैठकबाट महानगरपालिकाको प्रस्तावित संगठन संरचना एवम् दरबन्दी तेरिज लगायतका सम्बन्धमा अध्ययन गर्न उपप्रमुख श्री शिल्पा निराला कार्कीको संयोजकत्वमा गठित अध्ययन समितिबाट प्राप्त सुझाव तथा राय बमोजिम विराटनगर महानगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) प्रतिवेदन संशोधनसहित स्वीकृत गरी आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| २ | विविध। | (क) स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयले आ.व.२०७८/०७९ मा गरेको कार्य प्रक्रिया र उपलब्धिहरूको बारेमा स्वमूल्याङ्कन गरी जिल्ला समन्वय समितिको कार्यालय, मोरङबाट पृष्ठपोषण समेत भई प्रमुख प्रशासकीय अधिकृतले पेस गरेको प्रारम्भिक एकिकृत नतिजा उपर बैठकमा छलफल र विश्लेषण गरेर सम्बन्धित विषयक्षेत्रको यथार्थ अङ्कभार निर्धारण गरी स्वमूल्याङ्कनको अन्तिम नतिजामा प्राप्त कुल ८६.७५ अङ्क सर्वसम्मतिले अनुमोदन गरियो।<br>(ख) विराटनगर महानगरपालिका र आकृति एड्भरटाइजिङ्बीच ट्राफिक आइल्याण्ड र बस बिसौनी निर्माण गर्न सम्झौता भएकोमा सम्झौता अनुसार निर्माण कार्य भए/नभएको र हालसम्म के-कति निर्माण भएको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेस गर्न मिति २०७९/०७/०३ को कार्यपालिकाबाट गठित अध्ययन समितिबाट ६ स्थानमा ७ थान बस बिसौनी र २ स्थानमा ट्राफिक आइल्याण्ड निर्माण सम्पन्न भएको एवम् कोभिड-१९ (कोरोना) महामारीका कारण भएको लकडाउन तथा प्राविधिक रुपले उपयुक्त स्थान उपलब्ध हुन नसकेकाले सम्झौता बमोजिम निर्माण हुन नसकेको भनी प्रतिवेदन पेस भएको हुँदा आगामी नगर सभाबाट अनुमोदन हुनेगरी हालसम्म निर्माण सम्पन्न भएका बस बिसौनी तथा ट्राफिक आइल्याण्डहरूको निर्माण सम्पन्न भएकै मितिबाट लागु हुनेगरी र वार्षिक दश प्रतिशत वृद्धि हुनेगरी सम्झौता बमोजिमको कर असुलउपर गर्ने र उक्त सम्झौता रद्द गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

प्रतिलिपि

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश, नेपाल

(ग) भुक्तानी दिन बाँकि योजना अन्तर्गत वडा नं.२ स्थित सोमबारे हाट सडकमा ग्राभेल तथा नाला निर्माण योजना विवादका कारण लागत अनुमान समेत संशोधन गर्नुपर्ने भई सम्झौता बमोजिमको अवधिको कार्य सम्पन्न हुन नसेकोले एवम् वडा नं.२ अन्तर्गत नै त्रिभुज मार्गमा आर.सि.सि. नाला र कल्भर्ट निर्माण योजना साइट क्लियरेन्स लगायतका कारणले समयसीमाभित्र निर्माण सम्पन्न हुन नसकेकाले वडा कार्यालयको सिफारिस बमोजिम उक्त योजनाहरूको सम्झौता अवधि २०७९ फागुन मसान्तसम्म थप गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै, वडा नं.२, भुक्तानी दिन बाँकि योजना अन्तर्गत नै जनता मा.वि. अगाडि सार्वजनिक शौचालय सहित पार्क निर्माण योजनाको मुद्दा लगायतका कारणले सम्झौता बमोजिको समयसीमाभित्र निर्माण सम्पन्न हुन नसकेकाले उक्त योजनाको सम्झौता अवधि २०७९ चैत्र मसान्तसम्म थप गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(घ) आ.व.२०७९/०८० को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा वडा नं.३ को वडास्तरिय योजना अन्तर्गत वडा कार्यालयको तल्ला थप शीर्षक (पाना नं.१५५, क्र.सं.१४७) मा रु.५,७५,०००।– रकम विनियोजन भएको र भुक्तानी दिन बाँकि योजना अन्तर्गत वडा कार्यालयमा कोठा थप (वडा नं.३) शीर्षक (पाना नं.१३९, सि.नं.२५१) मा रु.१२,५१,२५०।– रकम दायित्व सरी आएकोमा उक्त वडा कार्यालयको तल्ला तथा कोठा थप कार्यका लागि प्राविधिकबाट रु.५७,५१,०२८।– रकम बराबरको लागत अनुमान पेस भएकोले जिल्ला समन्वय समिति, मोरङबाट प्राप्त हुन बाँकि रु.३०,७०,५९४।– समेत सो वडा कार्यालय भवन निर्माण कार्यमा खर्च गर्ने र बाँकि अपुग रकम आगामी नगर सभाबाट अनुमोदन हुनेगरी मर्मत सम्भार शीर्षकबाट व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(ङ) विराटनगर महानगरपालिका वडा नं.११ स्थित पाञ्चाली र बुद्ध बिहार मार्गमा **Box Culvert** निर्माणका लागि प्राविधिकबाट प्राप्त लागत अनुमान बराबरको रु.९०,६९,५९३।– रकम आगामी नगर सभाबाट अनुमोदन हुनेगरी मर्मत सम्भार कोषबाट व्यवस्था गर्नेगरी कार्यान्वयनको प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो।

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

(च) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) बमोजिम आवश्यक कानून निर्माणका लागि विधेयक समितिको सिफारिस अनुसार देहायका मस्यौदाहरू स्वीकृत गरी आगामी नगर सभामा पेस गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(१) वातावरण तथा प्राकृतिक स्रोत संरक्षण विधेयक, २०७९
(२) कृषि विधेयक, २०७९
(३) कृषि नीति, २०७९

(छ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) मा भएको व्यवस्था बमोजिम विधेयक समितिको सिफारिस अनुसार देहायका कार्यविधि/निर्देशिका/मापदण्डहरू सर्वसम्मतिले स्वीकृत गरियो।

(१) विद्यालयमा सामुदायिक सहयोग व्यवस्थापन कार्यविधि, २०७९
(२) शैक्षिक गुठी दर्ता सम्बन्धी कार्यविधि, २०७९
(३) आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि, २०७९
(४) टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७९
(५) कृषि तथा पशु प्रसार सेवा केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि, २०७९
(६) कृषि बजार निर्देशिका, २०७९
(७) कर्मचारी कल्याण कोष सञ्चालन निर्देशिका/कार्यविधि, २०७९

(ज) हाल अत्याधिक बढेको चिसो तथा शीतलहरका कारण विद्यार्थीहरूको स्वास्थ्यमा हुनसक्ने सम्भावित प्रतिकुल असरलाई ध्यानमा राख्दै महानगरपालिका क्षेत्रभित्रका सम्पूर्ण विद्यालयहरूमा २०७९ माघ २ गतेदेखि ६ गतेसम्म जाडो विदा दिने सर्वसम्मतिले निर्णय गरियो।

(झ) विराटनगर महानगरपालिकाको शिक्षा ऐन, २०७६ को दफा ५ को उपदफा १४ बमोजिमको व्यवस्था कार्यान्वयन हुनका लागि वडा नं.३ स्थित श्री बाल सुधार गृह माध्यमिक विद्यालयको सञ्चालन व्यवस्थापन गर्न देहाय बमोजिमको विद्यालय व्यवस्थापन समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(१) बाल सुधार गृह, विराटनगर, इञ्चार्ज/प्रमुख : अध्यक्ष
(२) विद्यालय रहेको वडाको वडा अध्यक्ष वा निजले तोकेको १ जना वडा सदस्य : सदस्य
(३) शैक्षिक प्रशासन महाशाखाबाट सो क्षेत्र हेर्ने अधिकृत प्रतिनिधि : सदस्य
(४) बाल सुधार गृह सुरक्षा प्रमुख : सदस्य
(५) विद्यालयका शिक्षकहरूमध्येबाट छनौट भएका १ जना शिक्षक : सदस्य
(६) स्थानीय बुद्धिजीवि तथा शिक्षाप्रेमीहरू मध्येबाट वि.व्य.स.ले मनोनित गरेको १ जना : सदस्य (मनोनीत सदस्यको अवधि ३ वर्षको हुने)
(७) विद्यालयको प्रधानाध्यापक : सदस्य-सचिव

(ञ) विराटनगर महानगरपालिकाको नाममा दर्ता कायम रहेको वडा नं.४ (साविक वडा नं.५), खारजी स्थित कि.नं.९३२ र ९३३ को ०-६-१८ (छ कट्ठा अठार धुर) जग्गामा तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम निर्माण भएकोमा रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) र विराटनगर महानगरपालिकाबीच भएको समझदारी बमोजिम उक्त जग्गा सञ्चारग्रामलाई नियमानुसार हस्तान्तरणका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत नेपाल सरकारसँग सहमति माग गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै, उक्त सञ्चारग्राममा महानगर एफ.एम. सञ्चालनका लागि आवश्यक नियुक्ति प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश, नेपाल

(ट) नगर विकास ऐन, २०४५ को दफा ४ बमोजिमको विराटनगर महानगरपालिकाको नगर विकास समितिमा उक्त दफाको उपदफा ४.२.५ मा भएको व्यवस्था बमोजिम श्री मधुबाबु तिवारी (वडा अध्यक्ष, वडा नं.७), श्री राम पोखरेल (वडा अध्यक्ष, वडा नं.८) र श्री सरिता घिमिरे नेपाल (कार्यपालिका सदस्य) एवम् उपदफा ४.२.६ मा भएको व्यवस्था बमोजिम श्री अन्जु दाहाल (विराटनगर ५) र श्री बद्री मिश्र (विराटनगर ९) लाई सदस्यमा मनोनयन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(ठ) एसिया क्षेत्रका शहर तथा स्थानीय सरकारहरूको सहकार्य प्रवर्द्धनका लागि स्थापना भएको United Cities and Local Government Asia-Pacific (UCLG ASPAC) को नियमानुसारको शुल्क तिरी सदस्यता लिने सर्वसम्मतिले निर्णय गरियो।

(ड) वडा नं.१९ स्थित श्री सार्वजनिक मा.वि.मा Computer Learning Environment Centre (CLEC) सञ्चालनका लागि डिजिटल ब्रिजेज फर नेपाल (Digital Bridges For Nepal) सम्झौता गरिएकोमा उक्त सम्झौता बमोजिम विराटनगर महानगरपालिकाको दायित्वमा पर्ने बजेट आगामी नगर सभाबाट व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(ढ) नगर सभाको दशौं अधिवेशनको मिति २०७९/०३/२५ मा बसेको बैठकको निर्णय नं.२५(च) बमोजिम २०७९ माघदेखि २०८० असार मसान्तसम्मका लागि सरसफाई व्यवस्थापन शाखामा कार्यरत पुनम कुमार दाहाल (शाखा प्रमुख) लाई मासिक शुरु तलबमानको ५० प्रतिशत तथा श्रवण कुमार दाहाल र किरण न्यौपानेलाई मासिक शुरु तलबमानको ४० प्रतिशत मासिक रुपमा अतिरिक्त भत्ता उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो। साथै, क्षेत्रीय शहरी विकास परियोजना (RUDP) अन्तर्गतका कर्मचारीहरूलाई साविकमा उपलब्ध गराउँदै आएको अतिरिक्त भत्तालाई समेत निरन्तरता दिने निर्णय गरियो। एवम्, प्रमुख प्रशासकीय अधिकृतलाई प्रदेश सचिव (सहसचिव) ले पाउने सेवा-सुविधा सरहको सम्पूर्ण सेवा-सुविधा उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो।

(ण) विराटनगर महानगरपालिकाको कर तथा गैह्रकर राजस्व सम्बन्धी ऐन, २०७८ को पहिलो संशोधन, २०७९ स्वीकृत गरी आगामी नगर सभामा पेस गर्ने सर्वसम्मतिले निर्णय गरियो।

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

## अनुसूची-१

**(१) नगर सभाको एघारौं अधिवेशनमा पेश गर्ने आ.व. २०७९/०८० का लागि थप नगरस्तरीय तथा बहुवर्षीय योजनाहरु:**

| क्र.सं. | योजनाहरु | योजनाको प्रकार | रकम | स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा नम्बर १, २, ७, ८, १२, १३, १४, १५, १६, १७, १८ र १९ मा वडाहरुले पठाएका योजनाहरु | बहुवर्षीय (बोलपत्रका माध्यमबाट) | १२,००,००,०००।- | आन्तरिक | |
| २ | मर्मत सम्भार कोषमा रकम थप (शीर्षक नम्बर ३२३ मा) | खरिदका विभिन्न माध्यमबाट | २,००,००,०००।- | आन्तरिक | |
| ३ | नाला सरसफाई | खरिदका विभिन्न माध्यमबाट | १०,००,०००।- | आन्तरिक | |
| ४ | अध्ययन, अनुसन्धान, परामर्श | खरिद प्रक्रियाबाट | ७५,००,०००।- | आन्तरिक | |
| ५ | वडा नम्बर ३ मा डुबान नियन्यन्त्रण (नाला तथा सडक) | बहुवर्षीय | १,२५,००,०००।- | आन्तरिक | |
| ६ | उज्यालो विराटनगर लगायतका घोषणामूलक कार्यक्रमहरु | | ६०,००,०००।- | आन्तरिक | |
| ७ | कार्यपालिकाले पास गरेको प्रति वडा १ लाखका दरले चौतारा (फलैंचा) निर्माण | | १९,००,०००।- | आन्तरिक | |
| ९ | वडा नम्बर ६ मा विएफएम रोड | बहुवर्षीय | १,००,००,०००।- | आन्तरिक | |
| १० | कर अभियान, कार्यालय सञ्चालन र विविध | | १५,००,०००।- | आन्तरिक | |
| ११ | वडा नं. १२ का २ वटा योजनाहरु संयुक्त (महेन्द्र मोरङ क्याम्पस दक्षिण Asphalt Road र Plum Drain, महेन्द्र मोरङ क्याम्पसको सेरोफेरोमा पिच तथा नाला) | बहुवर्षीय | १,००,००,०००।- | आन्तरिक | |
| १२ | रानीमाई पोखरी तथा मन्ठा पोखरी (पाना नं.८१, सि.नं.३२८) र बजरङ्गबली मन्दिर आरती साइट निर्माण वडा नं.२ (पाना नं.८१, सि.नं.३२९) समेतमा थप | | ३,५०,००,०००।- | आन्तरिक | |
| १३ | सवारीसाधन मर्मत | | २०,००,०००।- | आन्तरिक | |
| १४ | फर्निचर तथा फिक्चर्स | | ११,००,०००।- | आन्तरिक | |
| १५ | पदाधिकारी तथा कर्मचारी दैनिक भ्रमण खर्च | | ५,००,०००।- | आन्तरिक | |
| १६ | पारिश्रमिक कर्मचारी (थप) | | २,००,००,०००।- | आन्तरिक | |
| १७ | कर्मचारी सेवानिवृत्त सुविधा (उपदान, औषधि उपचार, सञ्चित बिदा समेत) | | ६,१०,००,०००।- | | |
| | जम्मा | | ३१,००,००,०००।- | | |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

(२) नगर सभाको एघारौं अधिवेशनमा संशोधनका लागि पेश गर्ने आ.व. २०७९/०८० को अनुमानित आय विवरण:

| क.सं. | विवरण | वार्षिक अनुमानित आय (रु.) | संशोधित अनुमानित आय (रु.) |
|---|---|---|---|
| १ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ७०,०२,९३,२००।- | ६८,५२,९३,२००।- |
| २ | आन्तरिक स्रोत | ८६,६४,००,०००।- | १,००,६४,००,०००।- |
| ३ | मौज्दात *(आन्तरिक)* | | १२,००,००,०००।- |
| ४ | दायित्व सरी आएका योजना *(आन्तरिक)* | | ६,५०,००,०००।- |
| | साविकको भन्दा बढी भएको जम्मा अनुमानित आय रकम | | ३१,००,००,०००।- |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल